# रत्ननगर सहकारी संस्था दर्ता निर्देशिका-२०७५

# रत्ननगर सहकारी संस्था दर्ता निर्देशिका-२०७५

१. परिचय

नेपालको संविधानमा संघ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची (क्रमश: अनुसुची ५, ६ र ८) का साथै साझा अधिकार सूची (अनुसुची ७ र ९) समेतमा सहकारी नियमन, सहकारी संस्था वा सहकारी विषय पर्दछ । नेपाल सरकार(मन्त्रिपरिषद्) बाट मिति २०७३।१०।१८ मा स्वीकृत नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहका अधिकारहरुको कार्य विस्तृतीकरणमा अन्य कुराका अतिरिक्त स्थानिय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन स्थानीय तहको अधिकारभित्र पर्ने गरी प्रष्ट पारिएको छ । तदनुसार रत्ननगर नगरपालिकाबाट सहकारी दर्ता, अनुमति, खारेजी र विघटन लगायतका संस्थापकीय कार्यहरुको सम्पादनमा सहयोग पुऱ्याउन रत्ननगर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१(१) बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

२. **क्षेत्राधिकार :**

दर्ता, अनुमति, खारेजी र विघटन समेतका सहकारी नियामक कार्यहरुमा रत्ननगर नगरपालिकाको क्षेत्राधिकारको सीमाङ्कन रत्ननगर नगरपालिकासम्म कार्यक्षेत्र भएका संस्थाहरु पर्दछन् ।

__रत्ननगर नगरपालिकाको नियमनमा देहायका सहकारी संस्थाहरु पर्दछन:__

क. रत्ननगर नगरपालिकाबाट दर्ता हुने सबै प्रारम्भिक संस्थाहरु,

ख. यसअघि दर्ता भएका रत्ननगर नगरपालिकासम्म कार्यक्षेत्र कायम रहेका जुनसुकै प्रारम्भिक संस्थाहरु

ग. यसअघि रत्ननगर नगरपालिका भन्दा बढि कार्यक्षेत्र कायम गरी दर्ता भएका तर विभाजन, स्थानीयकरण वा पुनर्गठनको प्रक्रियाबाट अब रत्ननगर नगरपालिकासम्म कार्यक्षेत्र कायम हुने जुनसुकै प्रारम्भिक संस्थाहरु ।

स्थानीय प्रारम्भिक सहकारी संस्थाहरु नै स्थानीय तहको नियमन क्षेत्राधिकारमा पर्दछन् भन्नुको अर्थ रत्ननगर नगरपालिकाका भन्दा बढी कार्यक्षेत्र रहेका प्रारम्भिक संस्थाहरु वा माध्यमिक वा उपल्लो तहका संघहरुसँग रत्ननगर नगरपालिकाको सरोकार हुँदैन भन्ने भने होइन । रत्ननगर नगरपालिका भन्दा बढी कार्यक्षेत्र भएका प्रारम्भिक सहकारी संस्थाहरुले रत्ननगर नगरपालिकामा कार्यालय राखेर वा सदस्य सेवा केन्द्र खोलेर सेवा संचालन गरेका संस्थाहरुको कामकाज सहकारी विधिसम्मत हुँदा स्थानीय सदस्यहरु लभान्वित हुने र नहुँदा जोखममा पर्ने हुन्छ । स्थानीय रुपमा कार्यरत जुनसुकै सहकारी संघ संस्थाका गतिविधिहरुमा रत्ननगर नगरपालिकाको सरोकार सधै रहन्छ ।

३. कानुन

सहकारी संस्थाको दर्ता लगायतका नियमन कार्यका लागि रत्ननगर नगरपालिकाले सहकारी ऐन,२०७५ जारी गरेको छ ।

४. दर्ता गर्ने अधिकारी :

रत्ननगर नगरपालिकामा सहकारी संस्थाको दर्तालगायतका नियमन र प्रवर्द्धन एवं प्रशिक्षणका कार्यहरु समेत गर्ने गरि रत्ननगर नगरपालिकाको सहकारी ऐन, २०७५ मा प्रमुख प्रशासकीय अधिकृतलाई दर्ता गर्ने अधिकारी तोकिएको छ ।

५. **सहकारीपन :**

सहकारी संस्था दर्ता गर्ने बेला दर्ता गर्ने अधिकारीको जिम्मेवारी भनेको सहकारीपनको सुनिश्चितता हो । सहकारीपनको अभावमा -

नारायण बन
नगर प्रमुख

क) आर्थिक क्रियाकलापलाई लोकतान्त्रिक ढङ्गले सङ्गठित गर्ने सहकारी विधि स्थापित हुन पर्दछ।
ख) सहकारी संस्था टाठावाठाहरुको स्वार्थ पुरा गर्ने माध्यम बन्दछ।

### ६. सङ्गठन

सङ्गठन भन्दा पृथक सदस्यहरु सम्मिलित भएर संस्था बन्ने क्रमलाई भनिएको छ। व्यक्ति, बसोबास र नागरिकता हुँदैमा सहकारी संस्था बन्दैन। सहकारीताका लागि स्वावलम्वन र पारस्परिकता चाहिन्छ। सहकारी सदस्यमाभ स्वालम्वनको पारस्परिक अभ्यास कत्तिको प्रभावकारी हन्छ भन्ने निर्धारक संस्थाको गठन गर्न सक्ने हुन्छन्। ती हुन्-

क. प्राथमिक उत्पादक,
ख. वास्तविक श्रमिक र
ग. सर्वसाधारण उपभोक्ता।

### ७. साझा बन्धन

सहकारिता उन्नयनको पारस्परिक प्रयास हो। सक्दा दिने पर्दा लिने आपसलाई पारस्परिकता भनिन्छ। पारस्परिकताका लागि सदस्यहरुमा साझा बन्धन चाहिन्छ। सदस्यहरुले आफूमाभ भेटाइरहने र त्यसका कारण एक-अर्कामा आफन्ती भाव रहिरहने कुरो नै साझा बन्धन हो। छिमेकमा बस्ने अनेक मानिसहरु छिमेकी नाताले एक हुन्छन्।त्यस अर्थमा छिमेक साझा बन्धन बन्दछ। सहकारी संस्थाहरु प्रायसः छिमेककै साझा बन्धन खडाहुने गर्दछन्। त्यसैले सहकारी संस्था भन्नेबित्तिकै समुदायमा आधारीत सङ्गठन सम्भिन्छ। छिमेकीको नाता जस्तै सदस्यहरुलाई गाँस्ने शूत्र हुन्।-

क) पेशाको नाता (जस्तै - खेतीपाती वा चियाको खेती, कालीगडी, रिक्सा चालन) र
ख) अर्को संङ्गठनको नाता - (जस्तै: साहित्यक समाज वा गजलकारको समाज मजदुरहरुको सङ्गठन, अपाङ्गता भएका व्यक्तिहरुको संघ आदि)।

साझा बन्धन अरु रुपमा पनि भेटिन सक्त छ। औद्योगिक ग्रामझै कार्यस्थलीय नाता राम्रो उदाहरण हो। मुख्यतया भने छिमेक पेशा र अर्को सङ्गठनको नाता हुन्। साझा बन्धन सहकारी सङ्गठनको आधार हुन्छ। त्यसो भन्नुको अर्थ साझा बन्धन हुना साथै सहकारी संस्थापान गर्न सकिन्छ भन्ने लगाउनु हुँदैन। उदाहरणका लागि व्यवसायी संघका सदस्यहरुमा सङ्गठनको नाताले साझा सहकारी सदस्यहरुलाई आफ्त बनाई राख्ने काम कुरा नै साझा बन्धन हो। त्यसतै कुनै राजनितीक दलमा साझा बन्धन भेटियो भनेर दल-विशेषका सदस्यहरुको सहकारी सस्था खोल्न सकिदैन।साझा बन्धन माथि ६ मा बताईए झै प्रथमिक उत्पादक वास्तविक श्रमिक र आम उपभोक्ताको पूर्व - शर्त पुरा भएपछिको अर्को आवश्यकीय शर्त हुन्छै।

### ८) सरोकार

सहकारी संस्थामा सदस्यको सरोकार लगानीमा प्रतिफल प्राप्ति नभएर उत्पादनमुलक उपभोगजन्य वा स्वरोजगारीमूलक सेवा प्राप्ति हो। संस्थामा सरोकार जति भयो त्यतिनै सदस्य सहभागिता हुने नै भयो। संस्थाका गतिविधीहरुमा सदस्यहरु नम मात्रको सरोकार हुदाँ सतही रुपमा सहभागी हुन्छन् भने वास्तविक सरोकार हुँदा सघन रुपमा

### ९) विषय

सहकारी संस्था गठन अनि दर्ता गर्दा किसिमको पनि विचार गर्नुपर्ने हुन्छ। सहकारी संस्थाको मूल वर्गीकरण तथा उत्पादक, श्रमिक र उपभोक्ता नै हो। ती नोट आयाम प्रत्येक विषयहरु अर्न्तगत छुट्याउन सकिन्छ। (जस्तैः उत्पादक संस्थाहरुमा दुग्ध कृषक माछापालक कृषकका व्यवसाय - विशेषमा केन्द्रित प्रकारहरु हुन सक्छन्। उपभोक्ता संस्थाहरुमा पनि विजुली बचत-ऋण सेवा, स्वास्थ्य सेवालगायतका किसीम छुटिन्छन्। त्यसै गरी औद्योगिक उत्पादन हस्तकला, श्रम करार, - श्रमिक सहकारीता पनि विभिन्न विषयमा विकसित हुन सक्दछ।

नारायण चन्द
नगर प्रमुख

उत्पादक, श्रमिक वा उपभोक्ता एकै थरी सदस्य हुने संस्थालाई विषयगत भनिन्छ । उदाहरणका लागि सदस्यहरु सबै चियाखेती गर्ने भए संस्था चियाको विषयगत हुन्छ र सेवाहरु चियामा केन्द्रित हुन्छन । विषयगत सहकारी संस्थाहरु वस्तु विशेषका वा कार्य विशेषका हुन सक्दछन । कृषि सहकारी संस्था कार्य विशेषको हो भने कफी सहकारी संस्था वस्तु विशेषको हो ।

के सदस्यहरु तीनै थरी हुन सक्दैनन् सक्दछन् । समुदायमा- खास गरी ग्रामीण समुदायमा- खेतीपाती गर्ने श्रम गर्ने र उपभोग गर्ने र तीनैथरी परिवारहरु संगै बस्दछन् । समुदायका सबै जना सबैका यावत् आवश्यकताहरु पुरा गर्ने र साझा आकाङक्षाहरु हासिल गर्ने गरी सहकारी ढांचामा सङ्गठित हुंदा अझ राम्रो भयो । वास्तवमा सहकारी विचारको प्रारम्भ नै समुदाय बनाउने चिन्तनबाट भएको थियो । तिनै थरी आर्थिक प्रकृति भएका समुदायका व्यक्तिहरुको सङ्गठन विषयगत नभएर बहुउद्देशीय कहलाईन्छ र सदस्यहरुको आर्थिक प्रकृती अनुसारको उत्पादन उपभोग र स्वरोजगारीका कार्यहरुमा केन्द्रित हुन्छ । यदाका बहुउद्देश्यीय सहकारी संस्थालाई पनि भन्ने चलन छ ।

### १०) पूर्व-शिक्षा :

वैचारीक रुपमा पूर्ण तर व्यवहारमा प्रशस्त विचलन देखिएको आन्दोलन सहकारी पनि हो । सहकारितामा राजनीतिक तटस्थ हुनुपर्दछ । सहकारी संस्थाको सेयर किन्नु भनेको कम्पनिको सेयर किने जस्तो होईन र सदस्यहरुले बचत बैंक नसम्झेर सक्रियरुपमा सञ्चालकीय जिम्मा लिने गरी मात्र सहकारी संस्था गर्नु पर्दछ । अतः दर्ता गर्ने अभिकारीले दरखास्तहरुलाई कम्तीमा एक(१) दिनको पूर्व सहकारी शिक्षा प्रस्तावित संस्थाको तर्फबाट गराउनु उपयुक्त हुन्छ ।

### ११) विनियम :

सहकारी संस्थाको विनियम संस्थापनको विधानमात्र होईन, अपितु सदस्यहरुको आकांक्षक विज्ञप्ती पनि हो । विनियममा सङ्गटनको प्रयोजन खुल्नुपर्दछ, सेवाहरुको रुपाङ्कन हुनुपर्दछ, र सशक्तिकरणका प्रक्रियाहरु स्थापित गरिनु पर्दछ । विनियममा सहकारी दर्शन भेटिनु पर्दछ । सुशासनका मालकहरु विनियममै मिल्नु पर्दछ । विनियम सहकारी सदस्यहरुको रतनाको उपच पनि हुनुपर्दछ । सहकारी संस्थाको विनियम संस्थाहरुको आकाङ्क्षा झल्किने वडापत्र हनु पर्दछ । प्रस्तावित प्रावधानहरु सहकारी सिद्धान्त रत्ननगर नगरपालिकाको सहकारी ऐन बमोजिम हुनु पर्दछ । विनियमको विषय वस्तुको साथै जुनसुकै संस्थाको विनियममा छुट्याउन नहुने व्यवस्थाका नमुना समेत अनुसची १२ मा दिइएको छ ।

### १२) कार्य विधि:

सहकारी संथापन कार्य विधिलाई गठन तथा दर्ता गरी दुई पाटामा हेर्न सकिन्छ । गठनको प्रक्रिया आवेदकहरुले पुरा गर्नु पर्ने हुन्छ भने दर्ता प्रक्रियादर्ता गर्ने अधिकारीले । त्यस्तै गठन परिकल्पना प्रयत्न, परामर्श, परिमार्जन र पूर्व-तयारीको वस्तुतः अनौपचारिक शृङ्खला हो भने दर्ता प्रारुपको अध्ययन, प्राज्ञिक प्रतिक्रिया प्रमाणहरुको छानविन प्रत्यक्ष परीक्षण र आवश्यक पत्राचारको वस्तुतः औपचारिक शृङ्खला ।

#### १२.१) गठन कार्यविधि

#### क) आपसी सरसल्लाह

वैचारिक स्तरमा संस्थाको उपादेयताको प्रारम्भिक लेखाजोखानै आपसी सरसल्लाह हो । आपसी भनेपछि जसका लागि संस्था चाहिएको हो । उनीहरु विचको भन्ने त प्रष्टै भयो, उनीहरु भन्दा परका कसैका अथवा उनीहरु मध्येकै टाठावाठा मात्रको प्रभाव विनाको भन्ने पनि वोध हुन्छ । पहिलो दिनदेखि नै स्वैच्छिक सदस्यताको भावनाबाट काम भएमा स्वामित्व सुनिश्चित हुने हो । आपसी सरसल्लाह दुई चार महिना नै चल्न सक्तत छ, जस दौरान भावी सदस्यहरुले घरघरै, साथी-साथी वा समुह-समुहमा सहकारिता के हो ? किन राम्रो हो ? आफूलाई चाहिएको हो, होईन ? भन्ने खालका आधारभूत प्रश्नहरुको उत्तर प्राप्त गर्न सक्दछन् ।साथै आवश्यकता अनुसार नगरपालिकाले स्थलगत अनुगमन सहितको पुर्व स्विकृति प्राप्त गरि अघि बढ्नुपर्ने छ ।

नारायण बन
नगर प्रमुख

**ख) पूर्व -परामर्श**

आपसी सरसल्लाहका क्रममा पैदा भएका अनेक जिज्ञासाहरुको समाधान विना संस्था गठन गर्नु बुद्धिमानी होइन । आपसी सरसल्लाह दौरान दर्ता गर्ने अधिकारीसंग यथाशक्य पूर्व परामर्श गरेर वास्तविक सहकारी अभ्यास एवं सम्भावनाका सम्वन्धमा प्रष्ट हुनु वान्छनीय छ ।

**ग) पूर्व - सहकारी शिक्षा**

दर्ता गर्ने अधिकारीसंगको परामर्शको उत्तमोत्तम निष्कर्ष माथि १० मा भनिए जस्तो पूर्व शिक्षाको व्यवस्था हुन सक्दछ ।

**घ) प्रथम प्रारम्भिक भेला**

प्रस्तावित संस्था गठन गर्न ईच्छुक व्यक्तिहरुको प्रारम्भिक भेला बोलाउनु पर्दछ । भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम सङ्ख्यामा इच्छुक सबै व्यक्तिहरु अनिवार्य रुपमा उपस्थित हुनुपर्दछ । भेलामा उपस्थित व्यक्तिहरु मध्येबाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी देहायको कार्यसूचीमा विचार -विमर्श गरेर निर्णय लिनु पर्दछ :

घ.१ संस्था गठन गर्ने
घ.२ संस्थाको नाम र ठेगाना राख्ने
घ.३ उद्देश्य र संस्था दर्ता गर्ने
घ.४ कार्य क्षेत्र निर्धारण गर्ने
घ.५ सेयर प्रवेश शुल्कको रकम तोक्ने
घ.६ तदर्थ संचालक समिती गठन गर्ने
घ.७ संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन, प्रतिवेदन आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिकाको मस्यौदा गर्ने
घ.८ सेयर र प्रवेश शूल्क वापत उठेको रकम जिम्मा दिने
घ.९ स्व - घोषणा गर्ने
घ.१० दर्ता गर्ने अधिकारीसंग लिने पूर्व परामर्श लिने
घ.११ पूर्व-सहकारी कक्षा चलाउने
घ.१२ विविध :

**पहिलो प्रारम्भिक भेलाका निर्णयहरुको नमूना अनुसची–२ बाट लिन सकिन्छ ।**

**ङ) दोस्रो प्रारम्भिक भेला**

अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितीहरुले कार्य सम्पन्न गरेपछि त्यस विचमा ईच्छुक अन्य व्यक्तिहरु समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न कानुनतः चाहिने न्यूनतम संख्या पुगेको उपस्थितीमा दहायको कार्य सुचीमा छलफल चलाएर निर्णय गर्नुपर्दछ :

ङ.१. मस्यौदा विनियम पारित गर्ने
ङ.२ कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारुप स्वीकृत गर्ने
ङ.३ संस्था दर्ता गर्न अधिकार प्रत्ययोजन गर्ने
ङ.४ संस्था दर्ता पश्चात सेयर र सदस्य प्रवेश शूल्क वापत उठेको र रकम वैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता संचालन गर्ने
ङ.५ स्वघोषणा पत्रमा सहीछाप गर्ने
ङ.६ आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिकाको पारित गर्ने र
ङ.७ विविध ।

**दोस्रो भेला लेख्दा अनुसुची ३ को नमूना हेर्न सकिन्छ ।**

नारायण बन
नगर प्रमुख

च) संस्था दर्ताको दरखास्त

माथि उल्लेख भए अनुसारको प्रक्रिया पुरा गरिसके पछि अनुसची–१ को ढाँचामा तदर्थ सञ्चालक समितीका अध्यक्षको तर्फबाट रु १०/-को टिकट टाँसी प्रस्तावित संस्थाको दुई(२) प्रति सक्कलै विनियम लगायत देहाएका कागजातहरु संलग्न राखेर दर्ता गर्ने अभिकारी समक्ष दरखास्त दिनु पर्दछ ।

अनुसूची–२ बमोजिम पहिलो प्रारम्भिक भेला निर्णयहरुको प्रतिलिपी ,

अनुसूची–३ बमोजिम दोस्रो प्रारम्भिक भेला निर्णयहरुको प्रतिलिपी,

३ अनुसूची–४ बमोजिम व्यवसायिक कार्ययोजना दुई प्रति सक्कलै

४ अनुसूची–५ बमोजिम अधिकार प्रत्यायोजन

५ अनुसूची–६ बमोजिम स्व -घोषणा पत्र

६ अनुसूची–७ बमोजिम शेयर पूँजी र प्रवेश शुल्क बुझेको भर्पाई तथा उक्त रकम बैङ्क जम्मा गरेको भौचर

७ अनुसूची–८ बमोजिम आवेदकहरुको विवरण

८ अनुसूची–९ बमोजिम तदर्थ सञ्चालक समितीका पदाधिकारीहरुको फोटो सहितको विवरण

९ अनुसूची–१० बमोजिम सेयर सदस्य दर्ता किताब

१० अनुसूची–११ बमोजिम सेयर सदस्यहरुको फोटो सहितको विवरण

११ अनुसूची–१३ बमोजिम आवेदकहरुको तर्फबाट गरिएको सहकारी संस्था गठन आवश्यकता र संचालनको सम्भाव्यता अध्ययन प्रतिवेदन

१२ रत्ननगर नगरपालिका सहकारी ऐन, २०७५ को ५(२) बमोजिम प्रस्तावित सहकारी संस्था दर्ता गर्न आवश्यक कागजातहरु

१२.२ दर्ता कार्य विधि :

क. **प्रारम्भिक छानविन** दर्ता गर्ने अधिकारीले सहकारी संस्था दर्ताको लागि परेको दरखास्तमा प्रारम्भिक छानविन गराउनुपर्ने हुन्छ । प्रारम्भिक रुपमा आवश्यक कागज पत्रहरु पुगे, नपुगेको हरी आवेदकहरुलाई नपुग कागज पत्रहरु पुऱ्याउनु लगाउनु पर्दछ ।

ख. **विस्तृत छानविन** दरखास्त दर्ता भएपछि संस्थाका विनियमका व्यवस्थाहरुको साथै तथ्यहरुको जाँचबुझ विस्तृत छानविनका दौरान गरिन्छ । संस्थाको रचना विनियमबाट हुने हुनाले प्रत्येक बन्दोबस्त सहकारीताको सिद्धान्त, कानुन र वित्तीय अनुशासनका सर्वस्वकीय मापदण्ड बमोजिम भए, नभएको ध्यानयोग्य छ ।

ग. **स्थलगत परीक्षण** विस्तृत छानविनको क्रममा कहिले काही प्रारम्भिक छानविनकै क्रममा पनि सहकारी विधि व्यवहार अनुसार कार्य हुने हो । अथवा पेश भएका कागजपत्रहरु तथ्यपूर्ण हुन भन्ने एकीन गर्न स्थलगत परिक्षण आवश्यक हुनसक्छ ।

घ. **विशेषीकृत परामर्श** संस्थाको उद्देश्य वा कार्यहरुको कुनै कुरामा दुविधा वा अन्यथा उपयुक्तताको प्रश्न उत्पन्न भएको खण्डमा दर्ता गर्ने अधिकारीले सम्बन्धित निकायको परामर्श लिन सक्दछन् । कतिपय अवस्थामा निकायगत सहमति नै चाहिन्छ । उदाहरणका लागि सुरक्षाकर्मी श्रमिकहरुको सहकारी संस्था दर्ता गर्ने सिलसिलामा गृह मन्त्रालयको सहमति लिनु पर्दछ । त्यस्तै सहकारीता सिद्धान्त मूल्य मान्यताको रोहमा सघीय सहकारी प्रशिक्षण केन्द्र जस्तो प्राज्ञिक संस्थाको परामर्श लिन सकिन्छ ।

ङ. **दर्ता** : संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले निर्णय गरी दर्ता किताबमा चढाएर प्रमाणित गर्नुको साथै विनियम समेत प्रमाणित गरेर निर्धारित गरेर ढाँचामा दर्ताको प्रमाण-पत्र दिनुपर्ने हुन्छ । दर्ता नं देहाय बमोजिम कायम गर्नु वाञ्छनिय छ :

- क) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय वा डिभिजन सहकारी कार्यलयहरुबाट अभिलेख हस्तान्तरण भई आएका साविकका संस्थाहरुको दर्ता नं यथावतै राख्ने ,
- ख) रत्ननगर नगरपालिकाबाट दर्ता हुने संस्थाको नम्बर एकदेखि सिलसिलेबार दिने,
- ग) वर्ष फेरिदा पनि दर्ता नम्बरको क्रम नटुटाउने ,

नारायण बन
नगर प्रमुख

घ) जुनसुकै किसिमको संस्था भएता पनि दर्ता नम्बर एकै नास गर्ने र
ङ) दर्ता नम्बरमा नै किसिम वर्ष वा अन्य कुराको संकेत भरसक नराख्ने ।

दर्ता प्रमाण-पत्रमा संस्थाको विषयगत वर्गीकरण माथि ९ मा भनिए बमोजिम जनाउन सकिन्छ । महिला मात्रको संस्थाको हकमा भने महिला समेत लेखी दिनु राम्रो हुन्छ । (जस्तै -महिला कफी, महिला हस्तकला वा महिला बहुउद्देश्यीय) । दर्ता प्रमाण-पत्र दुई प्रति बनाएर एक प्रति अभिलेखमा राख्नु पर्दछ । त्यसै गरी विनियम, कार्य योजना, सम्भाव्यता अध्ययन प्रतिवेदन लगायतका कागजपत्रहरु पनि एक(१) प्रति दरखास्तवालाहरुलाई दिएर एक(१) प्रति कार्यलयको अभिलेखमा राख्नुपर्दछ ।

**१२.३ संस्था दर्ता गर्ने आधार:** सहकारी संस्था दर्ता सम्बन्धि वडा कार्यलयको सिफारीस सहित निम्न आधारमा गरिनेछ :

**१२.३.१ बसोबासको आधार :** बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका प्राकृतिक व्यक्तिहरुले सहकारी ऐनले तोकेको संख्यामा निम्नअनुसारका कागजातहरु पेश गर्नु पर्ने छ :

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
२) हालसालै खिचिएको पासपोर्ट साइजको एक एक प्रति फोटो
३) कार्यक्षेत्र भित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्य क्षेत्र बाहिरको नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीको साथ कार्य क्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक(१) प्रमाणको प्रमाणित प्रतिलिपी ।
   क) परिवार सहितको बसाईसराई गरी आएको भए सोको प्रमाण पत्र ।
   ख) वैवाहिक सम्वन्धको आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाण–पत्र र नाता प्रमाणित ।
   ग) घर भएको प्रमाणित गर्न जग्गाधनि पूर्जाको प्रतिलिपी र घर नक्सा ईजाजतको प्रतिलीपी वा हालसालै विद्युत महसुल विल र तिरो तिरेको रसिद ।
   घ) विगत दुई(२) वर्षदखि सम्वन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नविकरण सहितको व्यवसाय ईजाजत प्रमाण–पत्र र कर तिरेको प्रमाण–पत्रको प्रमाणित प्रतिलिपीहरु ।
   ङ) कर्मचारीको हकमा स्थानिय नियुक्ति पत्र, हाल कार्यरत कार्यलय वा निकाय खुल्ने प्रमाण–पत्र ।
   च) सम्वन्धित कार्यक्षेत्रमा स्थाई बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यलयले गरेको बढीमा एक(१) महिना भित्रको सिफरीस
   छ) आमा, बाबु, श्रीमान्, श्रीमती र छोराछोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने स्थानिय निकायको सिफारीस ।

४) बसोबासका आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने सम्पुर्ण (सत प्रतिशत) आवेदकहरुको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्यक्षेत्र भित्र हुनुपर्ने छ ।

**१२.३.२ पेशा र पेशागत संगठनको आधार :**

१) सहकारी ऐनले तोकेको संख्यामा एउटै पेशा वा वा पेशागत संगठनका व्यक्तिहरु मिली प्रारम्भिक सहकारी संस्था दर्ता गर्न सक्ने छन् । यस आधारमा संस्था दर्ता गर्नका लागि पेशा वा पेशागत संगठन खुल्ने प्रमाणहरु समेत पेश गर्नुपर्ने छ । यस्ता संस्थाको कार्यक्षेत्र सदस्यहरुको पेशा अनुसार सम्वन्धित पेशागत संगठनको आधारमा संस्था दर्ता गर्न सकिन्छ ।

**१२.३.३ : संस्थागत आधार:**

सहकारी निकायमा कार्यरत कर्मचारीहरु, नेपाल सरकारको पूर्ण, अर्ध वा आंशिक स्वामित्व भएका सरकारी संस्थान वा प्राधिकरणका कर्मचारीहरु, शहरमा आई बसोबास गरेका कुनै भौगोलिक क्षेत्रका समाजमा संगठित रहेका व्यक्तिहरु मात्र सदस्य हुन सक्ने आधारमा निर्दिष्ट भौगोलिक क्षेत्र वा कार्यलयको परिसरभित्र मात्र कार्यक्षेत्र रहने गरी आफ्ना सदस्यहरु माझ बचत तथा ऋणको कारोबार, सदस्यहरुको सामूहिक हित

नारायण बन
नगर प्रमुख

प्रवर्द्धनका लागि सामाजिक कामहरु र सास्कृतिक क्रियाकलापहरु संचालन गर्ने उद्देश्य राखी सहकारी संस्था दर्ता गर्न सकिनेछ छ । यस आधारमा दर्ता हुने सहकारी संस्थाका आवेदक सदस्यले आवेदन गर्दा दरखास्तका साथ देहायका विवरण पेश गर्नु पर्दछ :

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलीपी
२) हालसालै खिचीएको पासपोर्ट साइजको फोटो १/१ प्रति
३) सम्वन्धित निकायको सदस्ता वा नियुक्तिको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
४) सम्वन्धित निकायको स्वीकृत ।

**१२.४ संस्थाको नाम**

१) संस्थाको नाममा बैङ्क, फाइनान्स, डेभलपमेण्ट तथा वित्तिय संस्था वा कम्पनी जनाउने शब्दहरु प्रयोग गर्न पाईने छैन ।
२) संस्था दर्ता गर्दा एक(१) जिल्ला भित्र एउटा नामको मात्र संस्था दर्ता गर्न सकिनेछ । जिल्ला फरक परे पनि जोडिएको नगर वा गाउँमा रहेको कुनै पुरानो संस्थासँग मिल्दो नाममा संस्था दर्ता गरिने छैन ।
३) संस्थाको प्रस्तावित नामका लागि निवेदन सहित अग्रीम स्वीकृति लिनु पर्नेछ । स्वीकृति लिएको दश(१०) दिन भित्रमा प्रस्तावित नामको संस्था दर्ताको लागि सम्वन्धित कार्यमा निवेदन पेश गरी सक्नुपर्ने छ । तोकिए बमोजिमको समय नाघे पछि सो नाम अरुले प्रयोग गर्न सक्नेछन ।
४) सरकारी निकाय बाहेक अन्य कुनै निकाय वा समुह वा व्यक्तिबाट प्रबर्द्धन गरिएको भनि उल्लेख भएको संसथा दर्ता गरिने छैन । यस्तो शब्दको प्रयोग संस्था सञ्चालनको कुनै पनि चरणमा प्रयोगमा ल्याउन पाईने छैन ।
५) तोकिएको भौगोलिक कार्य क्षेत्र भन्दा व्यापक कार्य क्षेत्र भन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखि संस्था दर्ता गरिने छैन ।
६) संचालनमा रहेका अन्य संस्थाहरुको नामको अगाडि वा पछाडी उपसर्ग वा प्रत्यय वा अन्य शव्द जोडी संस्था दर्ता गरिने छैन ।
७) संस्थाको नाम देवनागरी लिपीमा हुनुपर्ने छ । प्रसथावित संस्थाकोनाम अर्थ खुल्ने गरी कम्तिमा दुई(२) अक्षरको हुनु पर्नेछ नामका लागि संप्ति अक्षरको प्रयोग गर्न सकिने छैन । संस्थाको नाममा सहकारी र लिमिटेड शब्दको प्रयोग अनिवार्य हुनेछ ।

**१३. पुनर्गठन**

स्थापित संस्थाको कार्यकारण, कार्यक्षेत्र र कार्य सञ्चालनको ढङ्गमा तथ्याङ्क फरक परे पुर्नगठन हुन्छ । पुर्नगठन सहकारी प्रयासको वदुवाको लागि साङ्गठनिक समायोजनको प्रक्रिया पनि हो । पुन: रचनाको प्रस्तावले दर्ता गर्ने अधिकारीका लागि नियामक मापदण्डहरु कायम गराउने मौका पनि कायम गर्दछ । सहकारी संस्थाको पुनर्गठनका देहायका पाँच(५) वटा मुख्य भेद पहिल्याउन सकिन्छ :

क) स्थानीयकरण
ख) रुपान्तरण
ग) एकीकरण
घ) विस्तारण
ङ) पुन: संरचना ।

**क) स्थानीयकरण** : कार्यक्षेत्रको व्यापक फैलोट भएको संस्थाको फैलोट भएको संस्थाको सदस्यता वा सेवा सञ्चालन नभएको वा नगन्य मात्रमा भएको कार्य क्षेत्र झिकेर समुदायमा आधारित एवं सदस्यहरु केन्द्रित रुपमा सहकारी गतिविधी सघन तुल्याउने प्रक्रिया नै स्थानिय करण हो । सञ्चालकहरुको तहबहमा जोखिमावस्थामा चलिरहेको संस्थालाई देहाय बमोजिम स्थानियकरण गरी सुव्यवस्थित तुल्याउने गुञ्जायस हन्छ:

१) सदस्य वा कारोवार सञ्चालन नभएका वडाहरु कार्यक्षेत्रमा नराख्ने गरी विनियमको सम्बन्धित संसोधन गरेर

नारायण वन
नगर प्रमुख

२. उल्लेखनिय मात्रमा सदस्य वा कारोवार सञ्चालन नभएका वडाहरुमा कार्य क्षेत्र सिमीत गरी नगन्य मात्रमा सदस्य वा कारोबार सञ्चालन भएका वडाहरुलाई कार्यक्षेत्रबाट झिक्ने गरी विनियमको सम्बन्धितदफा संशोधनका साथै त्यसरी कार्य क्षेत्र बाहिर पर्ने सदस्यहरुको सेयर तथा बचतको रकम फिर्ता दिने व्यवस्था मिलाएर,

ख) रुपान्तरण : रुपान्तरण वस्तुत संस्थाको विषय परिवर्तन हो । यता खास गरी ग्रामीण क्षेत्रका बचत तथा ऋणका विषयगत संस्थाहरु बहुउद्देश्यीय संस्थामा परिवर्तित हुन चाहिरहेका देखिन्छन् । त्यसको उल्टो वा अन्यथा पनि विषयान्तरका प्रस्ताव आउन सक्दछन् ।

**अवस्था एक: बचत परिचालन नगर्ने सस्थाबाट नगर्ने नै संख्यामा**

साधारण तया सदस्यहरुको बचत परिचालन नगर्ने संस्थाको रुपान्तरणमा नियामक सरोकार खासै हुदैन । स्वीकृत विषय भित्र पर्नु भने पर्‍यो । उदाहरणको लागि सदस्यहरुको बचत संकलन नगर्ने वडाकै कृषि संस्थामा परिवर्तित हुन चाहे विनियम संशोधनको प्रकिया पुरा गर्नु पर्दछ ।

**अवस्था दुई वा बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थामा**

बचत परिचालन गर्ने संस्थाको हकमा भने वित्तिय अनुशासनका मापदण्डहरु कायम राख्नु पर्ने हुन्छ । रत्ननगर नगरपालिकाको कुनै वडामा सञ्चालित बचत तथा ऋण संस्थाले बहुउद्देश्यीय संस्थामा रुपान्तरित हुन चाहेको अवस्थामा देहायका शर्त बन्देजहरु पुरा गर्नु पर्दछ :

ख.१ बचत तथा ऋण सस्थाकै रुपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चानलमा समस्या परेको नहुनुपर्ने ,

ख.२. संस्थाले नियमित बचत (अर्थात् महिनावारी प्रति सदस्य रु. १।-देखि १,०००।- सम्म) मात्र संकलन गरेको हुनुपर्ने ।

ख.३. नियमित बचत बाहेक दैनिक वा चाहेको बेला अनिर्धारित रकम संकलन गरेको वा आवधिक बचत स्वीकार गरेको त्यस्तो बचतको रकम सदस्यहरुलाई फिर्ता दिएर दायित्व फरफारक गरी सकेको हुनुपर्ने ।

ख.४. बहुउद्देश्यीय संस्थाको रुपमा विनियम स्वीकृती भएको तीन(३) वर्ष भित्र संस्थाको बचत दायित्वको रकमर सदस्यतर्फी वार्षिक खरिद वा बिक्री कारोबारको रकम समेत गरी हुने जम्मा कारोवारमा बचत दायित्वको अनुपात तल तीस(३०) प्रतिशत भन्दा तल झार्नु पर्ने ।

ख.५. खण्ड ख-४ बमोजिम हुने गरी बचत परिचालन सेवा सीमाङ्कनका साथसाथै व्यावसायिक सेवा विस्तारको कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदन समेत पेश गर्नुपर्ने ।

ख.६. बचत तथा ऋण सेवाका उपभोत्ताका साथै वडाकै दैनिक आवश्यकता बस्तु उपभोत्ता, प्राथमिक उत्पादक र वास्तविक श्रमिकहरु समेतलाई सदस्ता खुला गर्नु पर्ने तर महिला मात्रको संस्था भए ति वर्गका पनि महिला मात्रमा सदस्ता राख्न सकिने,

ख.७. माथि खण्ड -४ मा उल्लिखत शर्त विनियम संशोधन भएको तीन(३) वर्ष भित्र तथा अन्य सबै शर्तहरु पूर्व स्वीकृती भएको एक(१) वर्ष भित्र पुरा गर्ने गरी बचत तथा ऋणको विषयगत संस्थाबाट बहुउद्देश्यीय संस्थाको रुपमा पूर्नगठनका लागि साधारण सभाको बहुमतको निर्णय सहित स्वीकृती लिन दर्ता गर्ने अधिकारी छेउ निवेदन दिनुपर्ने ।

खण्ड ख. ८ बमोजिम निवेदन प्राप्त भए पछि दर्ता गर्ने अधिकारीले वास्तविकताको जाँच गरेर पुर्नगठनका लागि स्वीकृति दिनुका साथै विनियम संशोधन प्रस्ताव भई आएको खण्डमा संशोधित विनियम स्वीकृत गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

**अवस्था तीन: बहुउद्देश्यीय संस्थाबाट तथा ऋणको विषयगत संस्थामा**

बहुउद्देश्ययीय संस्थालाई बचत तथा ऋणको विषयगत संस्थामा पुर्नगठन गर्ने हो भने देहाएका शर्त संस्था बन्देजहरु पुरा गर्नुपर्ने हन्छ :

नारायण वन
नगर प्रमुख

ख.१. बहुउद्देश्यीय संस्थाको रुपमा पनि पछिल्लो वर्ष सञ्चालन घाटा वा सञ्चालनमा समस्या परेको नहुनुपर्ने ।

ख.२. संस्थाले आफ्नो स्वामित्वमा कृषि फाराम संकलन केन्द्र बिक्री कक्ष प्रशोधन संयन्त्र कार्यशाला उपभोक्ता भन्डार आपसी सुरक्षण लगायत बचत परिचालन बाहेकका जुनसुकै व्यवस्था चलाएको भए बन्द गर्नुपर्ने ।

ख.३. खण्ड ख-२ मा उल्लेख गरिए बमोजिम बन्द भएका व्यवसाय तर्फका सम्पूर्ण दायित्व फरफारक गरी सम्पति नगदमा परिणत गरिएको हुनुपर्ने

ख.४. बचत तथा ऋण संस्थामा परिणत भएको तीन(३) वर्ष भित्र संरक्षण संरचना सम्पति लागत तरलता समेतको वित्तिय अनुशासनका स्थापित मापदण्ड पुरा गर्नुपर्ने ।

ख.५. संस्थामा बचत नगर्ने उत्पादक, श्रमिक वा बचत, ऋण सेवा बाहेकका उपभोक्ताहरुको सदस्यता कायम राख्न नहुने ।

ख.६. सम्पत्ति शुद्धीकरण निवारण कानुन अर्न्तगत नियामक निकायबाट जारी भएको निर्देशनका थप व्यवस्थाहरु पूर्णतया पालना गर्नुपर्ने ।

ख.७. प्राथमिक पूंजी कोष र जम्मा बचत दायित्वको अनुपात १:१५ सम्म हुन सक्ने, र

ख.८. माथि खण्ड ख- ४मा उल्लिेखित शर्त विनियम संशोधन भएको तीन(३) वर्ष भित्र र अन्य सबै शर्तहरु पूर्व स्वीकृत पाएको एक(१) वर्ष भित्र पुरा गर्ने गरी माथि अवस्थाका दुईका हकमा भनिए बमोजिम स्वीकृतीका लागि निवेदन दिनुपर्ने ।

**अवस्था चार: नियमीत बचत परचािलन गर्ने उत्पादक संस्थाबाट नियमीत नै बतच परिचालन गर्ने उपभोक्ता संस्थामा**

मासिक नियमीत रुपमा सीमित मात्रामा बचत परीचालन गरिरहेका वा दैनिक रुपमा अनिर्धारित खालको बचत परिचालन गरि वार्षिक वासलतको कारोबार दुई(२) करोड भन्दा बढी रहेको उत्पादक संस्थालाई नियमीत बचत नै परिचालन गरी उपभोक्ता संस्थामा परिणत गर्दा विनियममा जो चाहिने थपघट समेत गरेर नियमित संशोधनको प्रक्रिया पुरा गर्नुपर्दछ ।

**अवस्था पाँच: नियमीत वा अन्य प्रकारले बचत परिचालन गर्ने उत्पादक, श्रमिक वा बहुउद्देश्यीय संस्थाबाट बचत तथा ऋण बाहेकको अन्य उपभोक्ता संस्थामा**

बचत तथा ऋण बाहेकको कुनै पनि प्रकारको उपभोक्ता संस्थाले बचत परिचालन गर्न नसक्ने भएकाले रुपान्तरणको प्रक्रिया प्रारम्भ गर्नु पूर्व नै बचत तर्फको सम्पूर्ण दायित्व फछ्र्यौट गरिसकेको हनुपर्दछ ।

व्यवहारमा प्रायश: माथि उल्लिखित पाँच वटै परेका हुन्छन । फरक अवस्थामा पर्दा पनि खासगरी बचत परिचालन गरिरहेको वा गर्ने हो हाईन र मासिक रुपमा सिमीत मात्रमा बचत परिचालन गरिरहेको वा गर्ने हो वा दैनिक रुपमा अनिधारीत खालको बचत परिचालन गरिरहेको वा गर्ने हो ? भन्ने विचार गरेर पाँच मध्ये जुन अवस्था मिल्दोजुल्दो हुन्छ त्यसै बमोजिम गर्न सकिन्छ ।

**ग. एकीकरण**

सहकारी संस्थाहरुको एकाकारको प्रक्रिया नै एकिकरण हो । अनावश्यक सङ्ख्या, दोहोरो सदस्यता फजुल सञ्जाल खर्च सहकारी आन्दोलनको विस्तारका क्रममा यता देखा परेका असङ्गति मध्ये पर्दछन् । मिल्दाजुल्दा संस्थाहरुलाई मिलाएर साङ्गठनिक एवं व्यावसायिक सक्षमता हासिल गर्ने गुन्जायस यत्रतत्र देखिन्छ । एकीकृत सहकारी प्रयासबाटै आन्दोलनको स्वच्छ विकासमा पनि सघाउ पुग्ने भएकोले रत्ननगर नगरपालिकामा संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गरिनेछ ।

**घ.विस्तारण**

नारायण बन
नगर प्रमुख

दर्ता हुँदा कायम गरिएको भौगोलिक कार्यक्षेत्र बढाउने प्रक्रिया विस्तारण हो । अनगिन्ती सहकारी संस्थाहरुका तर्फबाट साविकको कार्य क्षेत्र फैलाउने प्रस्ताव आउने गर्दछ । विस्तारण रत्ननगर नगरपालिका ऐन , २०७५ अनुसार गरिनेछ ।

## १४.प्रवर्द्धन

सहकारी नियम-

१) वैधानिक भन्दा पनि सैद्धान्तिक,
२) प्रशासकीय भन्दा पनि शैक्षिक ,
३) निर्वन्धनात्मक -

त्यस अर्थमा नियमको अर्को पाटो प्रवर्द्धन हो । जस अन्तर्गत

१) सहकारी विचारको सञ्चार,
२) सहकारी सङ्गठनमा सहजिकरण
३) सहकारी सङ्गठनकोपुनःसंरचना,
४) सहकारी व्यवसायमा सहयोग र
५) सहकारीपनको पुनर्स्थापनामा लागिमेली पर्दछन ।

प्रकारान्तरले सहकारी प्रवर्द्धनको अर्को पाटो नियम र अरू अर्को पाटोप्रशिक्षण हो पनि भन्न सकिन्छ । त्यही कुरो सहकारी प्रवर्द्धन वा प्रशिक्षणका हकमा पनि लागू हुन्छ । नियमन सुगमताका दृष्टिकोणबाट पनि प्रवर्द्धन त्यतिकै वाञ्छनिय छ । किन भने प्रवर्द्धन कार्यबाट नै -

१) समस्याको अनुभूती मिल्दछ ।
२) प्राप्तमा साझ स्वामित्व कायम हुन्छ ।
३) कार्यमूलक सञ्जालीकरण-भईरहन्छ ।
४) प्रयासहरु परिपूरक बन्दछन् ।
५) पुनः रचनाको अवसर पाईन्छ । र
६) स्वनियमको संस्थागतीकरण गरोन सकिन्छ ।

## नियमन

स्थानिय सहकारी विकास कार्यक्रममा स्थानिय आवश्यकता अनुसारका विभिन्न गतिविधी पर्न सक्दछन । जस्तै -

१) स्थानिय सहकारी विकास निती तर्जुमा,
२) सहकारी विचारको सञ्चार ,
३) वेरोजगार श्रमिक, भूमिहिन कृषक, विपन्न महिला गरिबी, परिचय-पत्र प्राप्तङ्गता भएका व्यक्ति लगायतका खास लक्षित समूहका सदस्यहरुलाई सङ्गठित गरेर सहकारी संस्था स्थापनाका साथै स्थापनाका सथै सञ्चालनमा प्रत्यक्ष सहजीकरण एवं बीउ पूजी ,
४) सहकारी सदस्य शिक्षा नेतृत्व तथा व्यवस्थापन विकासका प्रशिक्षण
५) सहकारी संस्थाहरुको पुनः संरचनामा परामर्श सहयोग
६) पुराना साझा सहकारी संस्थाहरुको पुनःसञ्चालनमा समन्वय परामर्श वित्तिय टेवा,
७) सहकारी खेती, स्वरोजगारी, उपज सङ्कलन, प्रशोधन एवं वजारीकरण आयोजनाहरुलाई स्थिर पूँजी अनुदान ।

## १५. अभिलेख

अभिलेख सहकारी नियमनको अभिन्न पक्ष हो । दर्ता गर्ने अधिकारीले अन्युराका अतिरिक्त देहायका कागजतहरु सुरक्षापूर्वक राख्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ :

क. सहकारी प्रशिक्षण तथा डिभिजन कायलर्य वा डिभिजन सहकारी कार्यलयहरुबाट हस्तान्तरण भई प्राप्त कागजातहरु,

नारायण बन
नगर प्रमुख

ख. सहकारी संस्था दर्ता किताब ,
ग. प्रत्येक संसको दर्ता निर्णयल फाईल
घ. सहकारी संस्था दर्ता पत्रको कार्यलय प्रतिको ढड्डा
ङ. प्रत्यक संस्थाको सञ्चालसँग सम्बन्धित कागजपत्रहरु रहने छुट्टाछुटै इन्डेक्स फाईल
च. दर्ता गर्ने अधिकारीहरुबाट भएका परिपत्रहरुको फाईल,
छ. विषयगत निर्णय फाईलहरु
ज. सघन अनुगमन प्रतिवेदन फाईलहरु
झ. अनुदान प्रदान गरिएका सहकारी आयोजनाहरुको छुट्टाछुट्टै फाईलहरु
ञ. खास लक्षित बर्गका प्रवर्धित सहकारी संस्थाहरुको छुट्टाछुट्टै सहजीकरण फाईलहरु
ट. उजुरी दर्ता किताब र कारवाही फईलहरु
ठ. अनुसन्धानका सिलसिलामा अधिकार प्राप्त निकायबाट माग भई आएका तथा पठाइएका विवरणहरुको लगत र फाईल
ड. सम्पत्ति शुद्धीकरण निवारण कानुन अन्तर्गत जारी नियामक व्यवस्था र पालना अनुगमन एवं कारवाही फाईलहरु
ढ. सूचनाको हक तथा अग्रतापूर्ण खुलासाको लगत तथा फाईल र
ण. बैठकका कारवाही किताबहरु ।

देशका कुलत वित्तीय कारोवारमा वीस(२०) प्रतिशतको हाराहारीमा योगदान गर्ने सहकारी संस्थाहरुको नियमन बेला-बेलामा कातगमा प्राप्त प्रतिवेदन वा स्थलगतरुपमा गरिने निरीक्षणबाट मात्र प्रभावकारी हुने कुरै आएन । नियामक तहबाट जुनसुकै बेला जुनसुकै बेला जुनसुकै संस्थाको तत्क्षण गैह्रस्थलगत रुपमा कारोवार हेरी कुनै किसिमको वित्तिय असन्तुलन देखिना साथै आवश्यक निर्देशन समर्थ तुल्याउन सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट ईन्टरनेटमा आधारित सूचना प्रणाली विकास गरी यसै वर्ष कार्यन्वयनमा ल्याईएको । सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली नाम दिईएको सो प्रणलीबाट नियमन, प्रतिवेदन, प्रक्षेपण समेतका लागि सबै उपयोगी स्चना संस्थाका खाता बहाली लगायतका अभिलेखका आधारमा उपलब्ध हुन्छन । अतः **रत्ननगर नगरपालिकाबाट** सहकारी प्रशिक्षण तथा डिभिजन कार्यलय वा डिभिजन सहकारी कार्यलयले हस्तान्तरण गरेको विद्युतिय प्रति अभिलेखमा लिई अद्यावधिकरण एवं उपयोगको परिपाटी बसाल्नु अति वाञ्छनीय छ । सथै सूचना प्रणालीको सञ्चालनको लागि आवश्यक उपकरण, प्रविधिक जनशक्ति एवं प्रशिक्षण समेत जो -चाहिने व्यवस्था मिलाउनुपर्ने हुन्छ ।

**१६ विविध :**

यस कार्यविधि प्रचलित ऐन, नेपाल सरकारको संघिय कानुन तथा प्रादेशिक कानुनको विधि, नियमावली तथा कार्यविधि संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र कार्यविधिलाई समायानुकुल संसाधोन गरिनेछ ।

**अनूसुचीहरु**

१. दर्ता दरखास्तको नमूना
२. पहिलो प्रारम्भिक भेलाः निर्णयहरुको नमूना
३. दोस्रोप्रारम्भिक भेलाः निर्णयहरुको नमूना
४. व्यवसायिक कार्ययोजनाको नमूना
५. अधिकार प्रत्यायोजनको नमूना
६. स्वघोषणा-पत्रको नमूना
७. भर्पाईको नमूना

नारायण वन
नगर प्रमुख

८. आवेदकहरुको विवरण नमूना
९. तदर्थ सञ्चालक समितीका पदाधिकारीहरुको फोटो सहितको नमूना
१०. शेयर सदस्य दर्ता किताब नमूना
११. शेयर सदस्यहरुको फोटो सहितको विरण नमूना
१२. सहकारी संस्थाको विनियमको नमूना
१३. सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन
१४. संस्था दर्ता किताबको नमूना

नारायण पन्त
नगर प्रमुख

अनुसूची -१
दर्ता दरखास्त

रु. १० को टिकट

मिति :२०......।.......।.......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चितवन ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,
हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायका संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं ।

संस्था सम्बन्धी विवरण
क) प्रस्तावित संस्थाको नाम-
ख) ठेगाना-
ग) उद्देश्य-
घ) मुख्य कार्य -
ङ ) कार्यक्षेत्र-
च) दायित्व -
छ) सदस्य संख्या -
१) महिला .......जना
२) पुरुष .........जना
छ) प्राप्त सेयर पुंजीको रमक रु......

आवेदकको तर्फबाट
हस्ताक्षर :
नाम
पदः तदर्थ सञ्चालक समितीका अध्यक्ष
प्रस्तावित श्री............................
सहकारी संस्था लि., रत्ननगर नगरपालिका
वार्ड नं. :

नारायण बन
नगर प्रमुख

## अनुसुची २

### पहिलो प्रारम्भिक भेलाः निर्णयहरुको नमूना

मिति ............... का दिन हामी तपशिलका व्यक्तिहरुले सहकारी संस्था खोली सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री ............................को अध्यक्षतामा पहिलो प्रारम्भिक भेलागरी तपशिल बमोजिमका विषयहरुमा गहन छलफल एवं सान्दर्भिक निर्णाय लिईयो ।

| सि.नं. | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरु

१. संस्था गठन गर्ने ,
२. संस्थाको नाम र ठेगाना राख्ने,
३. उद्देश्य र कार्य तय गर्ने ,
४. कार्यक्षेत्र निर्धारण गर्ने ,
५. सेयर र प्रवेश शूल्कको रकम तोक्ने
६. तदर्थ सञ्चालक समिती गठन गर्ने
७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकमा परिचालन निर्देशिकाको मस्यौदा गर्ने
८. सेयर प्रवेश शुल्क वापत उठेको रकम जम्मा गर्ने, .
९. स्वघोषण गर्ने
१०. दर्ता गर्ने अधिकारीसंग पूर्व परामर्श लिने,
११. पूर्व सहकारी कक्ष चलाउने
१२. विविध

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य मान्यता र विधि अनुरुप एक जुट भएर स्वालम्वन, पारस्परिकता र किफायको वृद्धि गर्दै आपनो आर्थिक-सामाजिक जीवन स्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरु एवं सशक्तीकरण कार्यहरु सञ्चालनार्थ सहकारी ऐन नियम बमोजिम ............ सहकारी संस्था दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री .......सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना.......राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सदस्यहरुको व्यक्तित्व विकास व्यावसयिक विकास र सामूदायिक विकासका उद्देश्य र तदनुसारका कायहरु विनियम उल्लेख गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव ४ माथि छलफल गर्दा प्रस्तावित .....सहकारी संस्थाको कार्यक्षेत्र ........जिल्लाको ...... महानगरपालिका /उपमहानगरपालि /नगरपालिकाको वडा नं......राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्तावित ...... सहकारी संस्थाको प्रति सेयर मूल्य रु........र प्रवेश शुल्क वापतको रकम रु.......राख्ने निर्णय गरियो ।

**नारायण बन**
**नगर प्रमुख**

निर्णय नं. ६
प्रस्ताव नं ६ का सम्बन्धमा आजको भेलाबाट प्रस्तावित ...... सहकारी संस्थाको तदर्थ सञ्चालक समिती देहाय बमोजिमको गठन गर्ने प्रस्ताव पारित गरियो ।

| सि.नं. | पद | नामथर |
|---|---|---|
| १ | अध्यक्ष | |
| २ | उपाध्यक्ष | |
| ३ | सचिव | |
| ४ | कोषाध्यक्ष | |
| ५ | सदस्य | |
| ६ | सदस्य | |
| ७ | सदस्य | |

निर्णय नं ७
प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस सहकारी संस्थालाई विधिवत् दर्ता गरी सञ्चालन गर्न आवश्यक पर्ने सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार पार्न कार्ययोजना तर्जुमा गर्न र विनियम आर्थिक, प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिको बनाउनको लागि तपशिल बमोजिमका व्यक्तिहरु रहने गरी मस्यौदा, अध्ययन वा तर्जुमा समितिहरु गठन गर्ने र समितिहरले मिति २०......।......।...... मा हुने दाश्रो भेलामा आ–आफ्नो मस्यौदा पेश गर्ने निर्णय गरियो ।

क) विनियम मस्यौदा समिति
श्री ............................संयोजक
श्री ............................सदस्य
श्री............................सदस्य
श्री............................सदस्य
श्री............................सदस्य-सचिव

ख) कार्ययोजना तर्जुमा समिति
श्री ..............................संयोजक
श्री..............................सदस्य
श्री ..............................सदस्य
श्री ...........................सदस्य
श्री...........................सदस्य-सचिव

ग) सम्भाव्यता अध्ययन समिति
श्रीं..............................संयोजक
श्री..............................सदस्य
श्री...........................सदस्य
श्री...........................सदस्य
श्री...........................सदस्य-सचिव

घ) आर्थिक प्रशासनिक नियमावली मस्यौदा समिति
श्री .................... संयोजक
श्री.....................सदस्य
श्री ....................सदस्य
श्री.....................सदस्य
श्री ....................सदस्य-सचिव

नारायण वन
नगर प्रमुख

ङ) बचत परिचालन निर्देशिका मस्यौदा समिति

श्री ................संयोजक

श्री ................सदस्य

श्री ................सदस्य

श्री ................सदस्य

श्री ................सदस्य सचिव

निर्णय नं ८

प्रस्ताव नं ८ का सम्बन्धमा संस्था दर्ता गर्ने प्रयोजनका लागि सम्पूर्ण सदस्यहरुबाट प्राप्त सेयर वापतको रकम रुक.............र प्रवेश शुल्क वापतको रकम रु ..............गरी जम्मा उठेको रकम रु ...........( अक्षेरेपी रुपैयां..........) संस्था दर्ता भए पश्चात संस्थाको नामम बैङ्क खाता खोली जम्मा गर्ने गरी हालका लागि संस्थाका तदर्थ समितिका ........................श्री...............को जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा प्रस्तावित यस सहकारी संस्थाका सदस्यहरुको स्वघोषण तयार गरी मिति २०......।.......।......मा हुने दोस्रो भेलामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १०

पस्ताव न. १० मा छलफल गर्दा तदर्थ सञ्चालक समितिका अध्यक्ष र यथाशक्य मस्यौदा समितिहरुका संयोजकहरु सबै जना मस्यौदा कार्य थाल्नु अगावै दर्ता गर्ने अधिकारी संग भेटी पूर्वपरामर्श गर्ने तय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं १ माथि भएको छलफलबाट दर्ता गर्ने अधिकारीका तर्फबाट स्रोत व्यक्तिहरु मिल्ने सम्भावना समेत हेरी दोस्रो प्रारम्भिक भला नराख्दै पूर्वसदस्य कक्षा राख्ने टुङ्गोमा पुगियो ।

निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा संस्थको दोस्रो भेला मिति २०.....।......।.....मा गर्ने निर्णय गरियो । आजको यस भेलाले सहकारी संस्था खोल्ने सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको हुँदा उपस्थिती सहभागीलाई भलको अध्यक्षताबाट धन्यवाद ज्ञापन गरियो । साथै सबै जना मन, वचन र कर्मले एकजुट भएर सहकारी माध्यमबाट अघि बढने सङ्कल्पका साथ यो प्रारमभिक भेला समापन गरियो ।

नारायण बन

नगर प्रमुख

अनुसूची ३

## दोस्रो प्रारम्भिक भेला निर्णयहरुको सूचना

मिति २०.....।......।......का दिन हामी तपशिलका व्यक्तिहरुको उपस्थितिमा प्रस्तावित .................. सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री .....को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरु माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिईयो ।

| सि.नं. | नामथर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**प्रस्तावहरु**

१). मस्यौदा विनियम पारित गर्ने

२) कार्ययोजना एवंसम्भाव्यता अध्ययन

३) संस्था दर्ता गर्ने अधिकार प्रत्यायोजन

४) संस्था दर्ता पश्चात सेयर र सदस्य प्रवेश शुल्क वापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा सञ्चालन गर्ने,

५) स्वघोषणा पत्रमा सहीछाप गर्ने

६) आर्थिक तथा प्रशासनिक नियमावली एवं बचत परिचालन गर्ने संस्थाको हकमा बतच परिचालन निर्देशिको गर्ने र,

७) विविध

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रस्तावित............... सहकारी संस्था लि.को विनियम बनाउनको लागि मिति........।.......। म श्री ..........को संयोजकत्वमा गठित मस्यौदा माथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरुका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णय समेत भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तर्जुमा समितीहरुले पेश गरेको कार्ययोजनाको प्रारुपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रस्तावित ......................सहकारी संस्था लि. दर्ता गर्ने सिलशिलामा सबै सदस्यहरु सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाईले गर्दा संस्था दर्ता गर्न एवं विनियम लगायतका अन्य कागजजातहरु आवश्यक सामान्य थपघट गर्ने प्रमाणित गर्नको लागि तदर्थ सञ्चालक समितिका .................श्री...............श्री...............र ..................श्री................समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरुबाट उठेको सेयर तथा प्रवेश शुल्क वापत रकम हाल तदर्थ सञ्चालक समितिका ........... श्री ................को जिम्मामारहेको संस्थामा दर्ता भए पश्चात ..................बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं ५.**

नारायण वन
नगर प्रमुख

यस सम्बन्धमा बदर्थ सञ्चालक समितिका तर्फबाट पेश भएको स्वघोषणा-पत्रको बेहोराको मस्यौदा उपर छलफल गरी सर्व सम्मतिले पारित गरेर सबै जनाले सहिछाप गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

मस्यौदा समितिहरुले पेश गरेका संस्थाका आर्थिक तथा प्रशासनिक नियमावली र बचत परिचालन गर्ने संस्थाको हकको बचत परिचालन निर्देशिका उपर व्यापक छलफल गरी पारित गरियो ।

निर्णय नं ७ ..........................................................................................।

नारायण बन
नगर प्रमुख

अनुसुची ४

व्यावसायिक कार्ययोजनाको नमूना

आ.व.२० /२०

संस्थाको नाम........................सहकारी संस्था लि ठेगाना..............................चितवन

(क) उद्देश्य:-

(१) ..............................

(२) विनियममा उल्लेख भएअनुसार

(३)..............................

(ख) कार्यहरु

(१) ..............................

(२) विनियममा उल्लेख भएअनुसार

(३)..............................

(४) उपयुक्त कार्यहरुको लागि आवश्यक पुजी

(४.१.) पूँजी श्रोत रकम:-

| सि.नं. | शीर्षक | रकम (रु.) |
|---|---|---|
| १ | शेयर पुँजी | |
| २ | ऋण | |
| ३ | संस्थागत पुँजी जगेडा कोष | |
| ४ | सदस्यबाट बचत | |
| ५ | प्रवेश शुल्क र अन्य | |
| | कुल जम्मा (रु.) | |

(४.२) स्थिर पूँजी

| सि.नं. | शीर्षक | रकम (रु.) |
|---|---|---|
| १ | जग्गा र भवन | |
| २ | मेशीनरी औजार | |
| ३ | फर्निचर | |
| ४ | अन्य सामान खुलाउने | |
| ५ | विविध | |
| | कुल स्थिर पूँजी (रु.) | |

४. आम्दानी खर्च विवरण :-

| संस्थाको आम्दानी | संस्थाको खर्च |
|---|---|
| १.विक्रि बाट कमिसन.......रु....... | १. तलव ............ रु.................... |
